नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय,
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईन: ०१०-५४००१९(२४सैं घण्टा)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google+code: 476k+j6
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८२/८३
चलानी नं. :- १९७८

## सतर्कता अपनाउने सम्बन्धी सूचना

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट यही असार १६ र १७ गते मनसुनी गतिविधि बढ्न गई बागमती प्रदेश लगायत देशका विभिन्न भूभागमा भारी वर्षा तथा एकदुई स्थानमा धेरै भारी वर्षाको समेत सम्भावना रहेको तथा देशको पहाडी र तराई भू-भागका धेरै स्थान र हिमाली भू-भागका केही स्थानमा मेघगर्जन/चट्याङ सहितको वर्षाका कारण अकस्मात बाढी, पहिरो, कटान, गेग्रान बहाव एवम् डुवानको सम्भावना रहेको भनी मिति २०८३ साल असार १४ गते सूचना प्रकाशित भएको सन्दर्भमा हाल रसुवा जिल्लाको अधिकांश भू-भागमा बादल लागिरहेको कारण वर्षा हुने सम्भावना रहेकोले जिल्लाबासी आम जनसमुदाय एवम् यस जिल्लामा पदयात्रामा रहनु भएका स्वदेशी/विदेशी पर्यटकहरुले पदयात्रा गर्दा उच्च सतर्कता अपनाउनुहुन र सुरक्षित स्थानमा बस्नुहुन अनुरोध छ। साथै, पदयात्रामा निस्कनु अघि मौसम सम्बन्धी पूर्व सूचना एवम् जानकारी लिनुहुन र पदयात्राका क्रममा कुनै विपद्जन्य घटना घट्न गएमा सम्बन्धित स्थानीय तह, स्थानीय जनप्रतिनिधि, नजिकको सुरक्षा इकाई तथा स्थानीय प्रशासनलाई यथाशिघ्र जानकारी गराउनुहुन समेत अनुरोध छ।

मिति २०८३।०३।१५, ने.स.११४६

..............................
(द्रुव प्रसाद अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी
एवम्
सूचना अधिकारी

<u>तत्काल सम्पर्कको लागि:</u>

१. जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, रसुवा (DEOC)- ०१०५४००१९
९८४१६७४०६६